# नेपाल धितोपत्र बोर्ड

## नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग

## खुमलटार, ललितपुर ।

## धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी लेख/रचना सम्बन्धमा ।

बोर्डको बार्षिकोत्सवको अवसरमा धितोपत्र बजार, वस्तु विनिमय बजार, मुद्रा बजार, वित्तीय प्रणाली तथा अर्थतन्त्रसँग सम्बन्धित तथ्यपरक तथा विश्लेषणात्मक लेख/रचना समावेश गरी नियमित रूपमा लेख विशेषाङ्क प्रकाशन गरिदै आएको व्यहोरा सबैलाई विदितै छ । उक्त सम्बन्धमा २०८३ जेष्ठ २५ देखि बोर्ड ३४ औं बर्षमा प्रवेश गर्ने हुँदा सो अवसरमा "नेपाल धितोपत्र बोर्ड, ३४ औं वार्षिकोत्सव लेख विशेषाङ्क – २०८३" प्रकाशन गरिने भएकोले उल्लेखित बिषयसंग सम्बन्धित तथ्यपरक तथा विश्लेषणात्मक मौलिक लेख/रचना (नेपाली वा अंग्रेजी भाषामा, कम्तीमा २५०० शब्द) यही मिति २०८३ बैशाख १५ गते भित्र बोर्डको इमेल research@sebon.gov.np मा पठाउनु हुन अनुरोध गरिन्छ। साथै, लेख रचना बौद्धिक कृत्रिमता (AI) को प्रयोग नगरी तयार गरिएको, अन्यत्र प्रकाशन नभएको र प्रकाशनको लागि समेत नपठाइएको हुनु पर्नेछ । लेख रचना प्रकाशन गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बोर्डमा निहित रहने छ ।